## १. परिचय:

नाफा आर्जन गर्न वा पैसा कमाउने उद्देश्यले वस्तु वा सेवा उत्पादन गरी उपलब्ध गराउने क्रियाकलापलाई नै सरल भाषामा व्यवसाय/उद्यम भनिन्छ । अर्को शब्दमा भन्नुपर्दा ग्राहकलाई सन्तुष्टि प्रदान गरी नाफा आर्जन गर्नका लागि गरिने सम्पूर्ण व्यापारिक तथा औद्योगिक क्रियाकलाप नै उद्यम वा व्यवसाय हो। औद्योगिक व्यवसायको परिभाषा र वर्गीकरण २०६७ अनुसार, "कुनै व्यक्ति, फर्म वा कम्पनीले आयआर्जन गर्ने उद्देश्य लिई वस्तु उत्पादन वा सेवा प्रदान गर्ने आर्थिक क्रियाकलापलाई यस नीतिको प्रयोजनको लागि औद्योगिक व्यवसाय" हो भनि परिभाषित गरेको पाईन्छ।

## २. व्यवसाय स्थापनाका चरणहरु

व्यवसाय स्थापनाका मुख्य ३ चरणहरू रहेका छन्, जुन निम्नानुसार रहेको छ।

- अवसरहरूको पहिचान गर्नु
- साधन तथा स्रोत एकीकृत गर्नु
- व्यवसाय सिर्जना, कार्यान्वयन तथा व्यवस्थापन गर्नु

## ३. उद्यम वा व्यवसायमा धेरै प्रयोग हुने शव्दावलीहरु

### ३.१. आय आर्जन (Income generation)

- आंशिक समयका लागि रोजगार
- थप आयआर्जन
- सामूहिक कार्य
- कुनै गैह्र सरकारी संस्था तथा स्वावलम्वन समुह बाट व्यवस्था
- गरिने
- सामान्य विकास क्रियाकलाप
- सीप तालिम पश्चात्कार्यक्रम समाप्त गरिने

### ३.२. स्वरोजगार ( Self Employment)

- आय आर्जन
- पूरै समय रोजगार
- प्रायः सामूहिक नहुने
- कहिलेकाही स्वावलम्वन समुहबाट व्यवस्थित भएको हुनसक्ने
- विकासमुखी नभएको
- कम लगानी र कम जोखिम

### ३.३. व्यवसाय ( Entrepreneurship)

- नाफा आर्जन गर्ने उद्देश्य
- पूरै समय रोजगार
- व्यक्तिगत, साझेदारी प्राइभेट लिमिटेड आदि हुन सक्ने
- उद्यमी र साझेदारबाट नियन्त्रित
- एकभन्दा बढी कामदार हुने
- धेरै प्रकारका सीपको आवश्यकता
- योजनाबद्ध क्रियाकलाप
- लक्षित समूहमा केन्द्रित रहने
- असामान्य विकास क्रियाकलाप
- वस्तुर सेवाको मूल्य अभिवृद्धि हुने
- बढी लगानी र बढी जोखिम
- वृद्धी उन्मुख
- सृजनशीलताको आधारमा नौलोपन दिने

## ४. व्यवसायको महत्व

- आय आर्जन गर्ने
- स्व-रोजगारीको अवसर सृजना गर्ने
- वेरोजगारी समस्या समाधान गर्ने
- स्थानीय साधन तथा स्रोत उपयोगमा आउने
- समाजको आवश्यकता परिपूर्ति हुने
- राजस्व वृद्धिमा सहयोग पुऱ्याउने
- विदेशी मुद्रा आर्जन गर्ने
- आफ्नो मालिक आफै हुनु

## ५. व्यवसायको वर्गीकरण

- कृषि तथा वन पैदावारमा आधारित उद्योग
- उत्पादनमूलक उद्योग
- उर्जामूलक उद्योग
- खानीजन्य उद्योग
- पर्यटन उद्योग
- निर्माण उद्योग
- सूचना तथा सञ्चार प्रविधि उद्योग
- सेवा उद्योग (Service Industries)

## ६. ग्राहकको सन्तुष्टि

- वस्तु वा सेवा
- मूल्य
- स्थान (वितरणको माध्यम)

## ७. लगानी र प्रकृतिको आधारमा उद्योग वर्गीकरण

औद्योगिक व्यवसाय ऐन २०७६ ले परिभाषा गरे वमोजिम उद्योगका प्रकारहरु निम्नानुसार रहेको छन्।

**एक परिचय**

### ७.१. लघु उद्यम (Micro Enterprises)

- घर जग्गा बाहेक बढीमा २० लाख रूपैंया सम्म स्थिर पुँजी लगानी हुने
- उद्यमी स्वयं व्यवस्थापनमा संलग्न रहेको
- उद्यमी समेत ९ जनासम्म कामदार रहेको
- बार्षिक आर्थिक कारोवार १ करोड रूपैंया भन्दा कम रहेको
- इन्जिन उपकरण प्रयोग हुने भएमा त्यस्तो इन्जिन वा उपकरणको विद्युत मोटर वा अन्य तेल इन्जीन शक्ति क्षमता २० किलोवाट भन्दा कम भएको।

स्पष्टीकरण : माथि उल्लेखित शर्तहरू पुरा गरेता पनि अनुमति लिनुपर्ने उद्योग व्यवसाय, मदिरा, वियर, चुरोट विडी वा अन्य सूर्तीजन्य वस्तु उत्पादन वा प्रयोग हुने व्यवसायलाई लघु उद्यम मानिने छैन। त्यसैगरी एक पटक लघु उद्यम व्यवसायको रूपमा दर्ता भएका उद्यमले अन्य उद्योगका रूपमा स्तरोन्नति गरेमा सो उद्यम लघु उद्यमको वर्गमा रहने छैन।

### ७.२. परम्परागत तथा अन्य घरेलु उद्योग

परम्परागत सीप र प्रविधि प्रयोग गर्ने, स्थानीय कच्चा पदार्थ एवम् स्थानीय प्रविधिमा आधारित औजार उपकरण उपयोग गर्ने, देशको कला र संस्कृति सँग सम्वद्ध र ५० किलोवाटसम्म विद्युत शक्ति प्रयोग गर्ने अनुसूची ६ मा उल्लेख गरिएका उद्योग व्यवसाय।

### ७.३. साना उद्योग

लघु उद्यम र परम्परागत तथा अन्य घरेलु उद्योग बाहेक १५ करोड रूपैंया सम्म स्थिर जेथा भएका औद्योगिक व्यवसाय।

### ७.४. मझौला उद्योग

१५ करोड भन्दा वढी ५० करोड रूपैंया सम्म स्थिर जेथा भएका औद्योगिक व्यवसाय।

### ७.५. ठूला उद्योग

५० करोड रूपैंया भन्दा बढी स्थिर जेथा भएका औद्योगिक व्यवसाय।

## ८. स्वामित्वको आधारमा उद्योग व्यवसायको वर्गीकरण

(क) एकलौटी व्यवसाय :- एक जना व्यक्तिको लगानी तथा स्वामित्व रहेको व्यवसाय।

(ख) साझेदारी व्यवसाय :- दुई वा दुई भन्दा बढी व्यक्तिहरू मिलेर नाफा र नोक्सान व्यहोर्ने हिसाबले कबुलियतनामा गरी साझेदारी ऐन २०२० अन्तर्गत दर्ता गरी स्थापना गरिएको व्यवसाय।

(ग). कम्पनी :- कम्पनी भन्नाले कम्पनी ऐन २०२१ अन्तर्गत स्थापना भएका व्यवसाय।

## ९. सफल उद्यमीका विशेषताहरू

- मध्यम खालको जोखिम
- आत्मविश्वास
- लक्ष्य निर्धारण
- सूचनाको सङ्कलन र विश्लेषण
- सिर्जनशील र धैर्यता
- निर्णय गर्ने क्षमता
- विगतको अनुभवबाट सिक्ने
- मौकाको खोजी
- दक्ष र गुणात्मक काममा जोड

## १०. व्यवसायिक अवसरको पहिचानका आधार

- आयात निर्यात हुने वस्तुहरूको अध्ययन
- स्थानीय कच्चा पदार्थको अध्ययन
- उपलब्ध श्रम र सीपको अध्ययन
- विकास आयोजनाहरूको सञ्चालन
- भइरहेका उद्योगहरूको अध्ययन
- नयाँ प्रविधिको प्रयोग
- अध्ययन गरिएका उद्योगहरू
- स्थानीय व्यक्तिहरूको रहनसहन र चाडपर्व
- बाहिरी अनुभव

## ११. ग्राहकको पहिचान गर्ने विधि

- भौगोलिक अवस्था
- उमेर
- लिंग
- आम्दानी वा पेशा
- सामाजिक अवस्था र जीवन पद्धति

## १२. व्यवसाय गर्दा ध्यान दिनुपर्ने कुराहरू

- ग्राहक / बजार
- प्रविधि
- कच्चा पदार्थ
- कामदार
- लगानी
- विकासका पूर्वाधारहरू
- सरकारी निति

## १३. व्यवसायिक योजना

कुनै पनि व्यवसाय संचालन गर्नु पूर्व गरिने तयारीलाई व्यवसाय योजना भनिन्छ। अर्को शब्दमा भन्नुपर्दा कसले, के, किन, कहाँ, कहिले र कसरी गर्ने भनी विस्तृत सोच विचारका आधारमा तयार पारिएको लिखित दस्तावेजलाई व्यवसाय योजना भन्निछ।

### १३.१ व्यवसाय योजनाका प्रमुख क्षेत्रहरु

### १३.१.१. उद्यम र उद्यमीको परिचय

### १३.१.२. बजार योजना

- उत्पादन गर्ने बस्तु
- उद्यम स्थापना गर्ने स्थान
- उत्पादनको ग्राहक

### १३.१.३. उत्पादन योजना

- उत्पादन लक्ष्य (दैनिक, मासिक, वार्षिक)
- स्थिर सम्पतीमा लाग्ने खर्च

### १३.१.४. खर्च योजना

- कच्चा पदार्थको खर्च
- कामदार खर्च
- अन्य (शिर्षभार) खर्च
- प्रति इकाई लागत (उत्पादन लागत/उत्पादन लक्ष्य)

### १३.१.५. वित्तिय योजना

- कुल पूँजि लगानी
- पूँजिको स्रोत
- विक्री मूल्य निर्धारण
- नाफा नोक्सान (कुल आम्दानी – कुल लगानी)
- लगानीमा प्रतिफल (वार्षिक खुद नाफा/कुल पूजि लगानी × १००)

## १४. उद्यम तथा व्यवसाय दर्ताका लागि आवश्यक कागजातहरु

- उद्योग दर्ता फारम (दरखास्त फारम क)
- उद्योगको परियोजना प्रतिवेदन
- कम्पनी भएमा कम्पनी दर्ता प्रमाण पत्र, स्वीकृत प्रवन्धपत्र तथा
- नियमालीको प्रमाणित प्रतिलिपी
- साझेदारी फर्म भएमा कवुलियतनामा
- संचालक (हरू) को नागरिकताको प्रमाणित प्रतिलिपी
- वातावरण सम्बन्धि स्वीकृत प्रतिवेदन (आवश्यकता अनुसार IEE वा EIA)

थप जानकारीका लागी

★ उपभोक्ता हक हित तथा संरक्षण कार्यालय, कालिकोट

★ पचाँलझरना गाँउपालिका (उद्यम शाखा), कालिकोट

★ पलाँता गाँउपालिका (उद्यम शाखा), कालिकोट

Publication: 2020

ADAPTATION FUND

WFP

# उद्यम/व्यवसाय

## एक परिचय




**मानव अधिकार तथा वातावरण विकास केन्द्र (हुरेन्डेक) नेपाल**

नेपालको कर्णाली क्षेत्रको खाद्य उत्पादन तथा खाद्य सुरक्षामा जलवायु परिवर्तनद्वारा सिर्जित चुनौती अनुकूलन (क्याफ्स, कर्णाली) परियोजना

खाँडाचक्र नगरपालिका – १ कालिकोट, ०८७४४०१५२

hurendec@gmail.com | www.hurendec.org.np